# लिलाम विक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०९।२१

नेपाल विधुत प्राधिकरण, भण्डार तथा कार्यालय परिसर भित्र रहेका कार्यालयको काममा नआउने टुट फुट भै बेकम्मा भएका जिन्सी सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्र प्रथाबाट विक्री गरिने भएकोले इच्छुक व्यक्ती, फर्म वा कम्पनी बाट तपशीलमा उल्लेखित शर्तको अधिनमा रहने गरी रितपुर्वकको शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

तपशील

१) बोलपत्र खरिद गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले श्री ने.वि.प्रा. केन्द्रिय भुक्तानि महाशाखाको नाममा श्री नविल बैंक लि. तिनधारा शाखामा संचालित चल्ती खाता नं. ००२०१०१७५०५४०१ मा रु १,०००।- (पछि फिर्ता नहुने) बुझाएको सक्कल भौचर पेश गरी यो सुचना प्रथम पटक प्रकाशित मितिले २१ दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ । यसरी विक्रि भएका वोलपत्रहरु २२ औ दिनको १२ बजे सम्म दर्ता भईसक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिनको १४:०० बजे बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा वा आधिकारिक प्रतिनिधि अनुपस्थित भएता पनि कार्यालयका प्रतिनिधिको रोहवरमा केन्द्रिय कार्यालयमा खोलिने छ । खरिद वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन खरिद वा दाखिला गर्ने र खोल्न सकिने छ ।

२) बोलपत्र फारम खरिद गर्न आउने व्यीक्त, फर्म वा कम्पनीले आध्यावधिक नविकरण सहितको फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपात्र र मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र तथा नेपाली नगरिकताको प्रमाणित प्रतिलिपिहरु निवेदनसाथ संलग्न गरी बोलपात्र खरिद गर्न सकिनेछ ।

३) बोलपत्र पेश गर्दा आफूले कबोल गरेको रकमको १०% ले हुन आउने रकम धरौटी वापत श्री ने.वि.प्रा. केन्द्रिय भुक्तानि महाशाखाको नाममा श्री नविल बैंक लि तिनधारा शाखामा संचालित चल्ती खाता नं. ००२०१०१७५०५४०१ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक जमानतको हकमा कम्तिमा नब्बे दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट अनुमति प्राप्त "क" श्रेणीको वाणिज्य बैंकवाट जारी भएको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

४) आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पस्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दुबैमा केरमेट भई स्पष्ट नभएमा वा स्पष्ट भएको केरमेटमा बोलपत्र दाताको दस्तखत एवम् छाप नलागेकोमा समेत बदर हुनेछ ।

५) रित पुगेका प्राप्त बोलपत्रहरु मध्ये बढी रकम कबोल गर्ने बोलवालालाई उक्त सामानहरु दिने नदिने र कुनै कारण जनाई वा नजनाई आंशिक वा पूर्ण रुपले स्वीकृत गर्ने वा नगर्ने अधिकार यस प्राधिकणमा सुरक्षित रहने छ ।

६) सम्वन्धित कार्यालयबाट विक्री भएको फारम भरी नआएको, सिलवन्दी भई नआएको, सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको छाप नभएको, म्याद नाघि आएको र तोकिएको प्रकृयाहरु पुरा नगरेका बोलपत्रहरु मान्य हुने छैनन् ।

७) लिलाम हुने पुराना सामानहरुमा लाग्ने सम्पुर्ण कर, शुल्क एवं अन्य दस्तुरहरु लिलाम सकार्ने व्यक्ति, फर्म वा कम्पनीले व्यहोर्नु पर्ने छ ।

नेपाल विद्युत प्राधिकरण
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY

८) यस सम्बन्धी अन्य जानकारीको लागि र सामानहरु हेर्न परेमा कार्यालय समय भित्र केन्द्रिय भण्डार शाखा, काठमाण्डौमा सम्पर्क राखी बुझ्न वा हेर्न सकिने छ ।

९) कार्यालयको काममा प्रयोगमा नआउने बेकम्मा पुराना सामानहरुको लिष्ट अनुसार न्युनतम कुल रकम रु २,१९,८०९।६६ कायम गरिएको छ ।

१०) लिलाम हुने सामानहरुको निर्देशन, शर्त र सामानहरुको विवरण लिलाम बिक्रीको बोलपत्र फारममा संलग्न गरिएको छ ।

नेपाल विद्युत प्राधिकरण
लेखा विभाग
भण्डार शाखा
प्रधान कार्यालय, दरवामार्ग काठमाण्डौ